# मधुवन नगरपालिका

# मधुवन राजपत्र

खण्डः ७ संख्याः ४ प्रमाणीकरण मितिः २०८०/०८/२५
प्रकाशन मितिः २०८०/०९/१६

## भागः २
## मधुवन नगरपालिका

# समूह गठन तथा परिचालन कार्यबिधि२०८०

**नगर कार्यपालिका बैठकबाट स्वीकृत मितिः२०८०/०८/२५**

## १-पृष्ठभूमी

नेपालको संविधान २०७२ मा ब्यवस्था भए अनुसार कृषि तथा पशुपालन, कृषिउत्पादन ब्यवस्थापन, पशु स्वास्थ्य तथा कृषि प्रसारको ब्यवस्थापन संवन्धि कार्यहरु स्थानिय तहबाट सम्पादन गर्नु पर्ने भएको र संघियता कार्यान्वयनको सर्न्दभमा बजेट कार्यक्रम, जनशक्ति तथा साधन श्रोतहरु स्थानिय तहमा हस्तान्तरण हुँदै गरेको सन्दर्भमा परम्परागत कृषि प्रणालीलाई विकसित गरी वैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण, व्यावसायीकरण मार्फत औद्योगिकरणको निमित्त कृषकहरुलाई नयाँ प्रविधि तर्फ आकर्षित गर्न, उत्प्रेरित गर्न, सो को अभ्यास गराउदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाई सरल र सहजरुपमा कृषकमाझ पुऱ्याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समूह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को द (५) बमोजिमको कार्य गर्न गराउन मधुवन नगरपालिका नगर कार्यपालिकाबाट यो कार्यविधि जारी गरिएको छ ।

**परिच्छेद-१**

**संक्षिप्त नाम र प्रारम्भः**

**(२) कार्यबिधिको संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम " **समूह गठन तथा परिचालन कार्यबिधि २०८०**" रहेको छ

(ख) यो कार्यविधि मधुवन नगरकार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुनेछ ।

**(३) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"कार्यविधि" भन्नाले "**समूह गठन तथा परिचालन कार्यबिधि २०८०**" सम्झनु पर्दछ ।

(ख)"नगरपालिका" भन्नाले मधुवन नगरपालिका र "नगरकार्यपालिका" भन्नाले मधुवन नगरकार्यपालिका सम्झनु पर्दछ ।

(ग) **"आर्थिक विकास समिति"** भन्नाले मधुवन नगरकार्यपालिकाले गठन गरेको आर्थिक विकास समिति सम्झनु पर्दछ ।

(घ) "शाखा" भन्नाले मधुवन नगरकार्यपालिकाको कृषि विकास शाखा, पशु सेवा शाखा तथा अन्य बिषयगत शाखा र "कार्यक्रम" भन्नाले मधुवन नगरसभाबाट स्वीकृत भएका कृषि तथा पशु सेवा सम्बन्धी र अन्य कार्यक्रमहरु सम्झनु पर्दछ ।

(ङ) "सेवा केन्द्र" भन्नाले कृषि विकास शाखा, पशु सेवा शाखा मातहतमा मधुवन नगरपालिकाक्षेत्रमा संचालित कृषि तथा पशु सेवा संवन्धि सेवा प्रदान गर्ने ईकाइहरु सम्झनु पर्दछ ।

(च) "पशु विकास समन्वय समिति" भन्नाले कार्यक्रम क्षेत्र तथा लाभग्राही छनौट, मापदण्ड निर्धारण र अनुगमन तथा मुल्याङ्कनका लागि "पशु सेवा कार्यक्रमहरु सञ्चालन निर्देशिका-२०७६" बमोजिमका पदाधिकारी रहने गरी नगर स्तरमा गठन भएको कार्यदल सम्झनु पर्दछ ।

(छ) "लाभग्राही" भन्नाले कृषि तथा पशु सेवा शाखा/केन्द्रबाट कार्यक्रममा ब्यवस्था भए अनुसार अनुदान, कृषि, पशु उत्पादनमा प्रयोग हुने बस्तु, सामाग्रि तथा उपकरणहरु र सेवा प्राप्त गर्ने कृषक/कृषक समूह/समिति लाई जनाउँछ ।

(ज) "समूह" भन्नाले कृषि तथा पशुपन्छी पालनको उदेश्य राखी वा अन्य साँझा कार्य गर्न यस कार्यबिधि अनुसार तथा यो कार्यबिधि लागु हुनु भन्दा पहिलेनै गठन भई दर्ता भएका समूहलाई जनाउँछ ।

(झ) "दर्ता गर्ने अधिकारी" भन्नाले यस कार्यबिधिको दफा बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनु पर्दछ ।

(ञ) "हित कोष" भन्नाले समूहका सदस्यहरुले गर्ने मासिक बचत लाई सम्झनु पर्दछ ।

(ट) "ऋण" भन्नाले समूहको निर्णय अनुसार सदस्यहरुले लिएको ऋण लाई सम्झनु पर्दछ ।

(ठ) "हर्जना" भन्नाले समूहमा बचत गर्दा तथा ऋण तिर्दा विलम्ब गरे बाफत लाग्ने शुल्क लाई जनाउँछ ।

(ड) "लेखा ब्यवस्थापन" भन्नाले समूहको आय ब्याय विवरण प्रचलित ऐन कानुन बमोजिम राखिने श्रेष्ता लाई जनाउँछ ।

(ढ) "लेखा परिक्षण" भन्नाले समूहले तोकिएको आधिकारीक लेखा परिक्षकबाट बार्षिक रुपमा गरिने लेखा परिक्षणलाई सम्झनु पर्दछ ।

## (४) उद्देश्य-

- समूहलाई उचित मापदण्ड तयार पारि परिचालन गर्न ।
- समूह मार्फत कृषि तथा पशुपन्छी पालन क्षेत्रको विकासमा टेवा पुगाउन ।
- समूहको उचित अनुगमन, नियमन गरी कानूनी दायरामा ल्याई ब्यवस्थित तरिकाले परिचालन, सञ्चालन गर्न गराउन ।

## परिच्छेद-२
## संलग्न निकायहरु र तिनको जिम्मेवारी

### (५) समूह दर्ता तथा परिचालनमा संलग्न निकायहरु र तिनको जिम्मेवारी

### क- नगरपालिका कृषि विकास शाखा, पशु सेवा शाखा/महिला विकास, आर्थिक विकास शाखाको जिम्मेवारी-

- निश्चित उदेश्य किटान गरी समूह दर्ताका लागि सुसुचित गर्ने ।
- कृषक बैठक, जन भेला गराई समूह दर्ता तथा परिचालन सम्बन्धि अभिमुखिकरण गर्ने ।
- समूहको बिधान बनाउन सहयोग गर्ने ।
- प्रक्रिया पुरा गरी आएका सबै समूहलाई दर्ता गर्ने ।

### ख- समूहको जिम्मेवारी

- निश्चित उदेश्य अनुसारका ब्यक्तिहरुको, कृषकहरुको भेला, बैठक बोलाउने ।

- समूहका बिभिन्न निर्णयहरु गरी कार्यान्वयन गर्ने ।
- समूहको हितकोष खडा गर्ने ।
- कृषि तथा पशुपालन, लघु उद्यम, जनचेतना सम्बन्धिका कृयाकलापहरु गर्ने ।
- समूहका सदस्यहरुले ईच्छाएको लघु उद्यम, कृषि तथा पशुपन्छी पालन, माछा पालन सम्बन्धि पेशा गर्न सम्भब भएको ऋण परिचालन गर्ने ।
- समूहको लेखा ब्यवस्थापन तथा लेखा परिक्षण गर्ने ।
- बिभिन्न निकायबाट प्राप्त हुने अनुदानका कार्यक्रमहरुमा भाग लिने ।
- कृषि तथा पशुपन्छी पालन, माछा पालन लगायतका कार्यहरु ब्यवशायिक तरिकाले गर्ने ।

**ग- सिफारिस गर्ने वडा कार्यालयको जिम्मेवारी**

- सही रुपमा काम गर्ने वास्तविक समूहहरु लाई दर्ता तथा नविकरणका लागि लिखित सिफारिस गर्ने ।
- कामको अनुगमन गर्ने, रिपोर्टिङ गर्ने र सहजकर्ताको भुमिका निर्बाह गर्ने ।

(६) **समूह गठन तथा परिचालन हुने कार्यक्षेत्रः** समूह गठन तथा परिचालन मधुवन नगरपालिकाका सबै वडाहरुमा माग भए बमोजिम लागू हुनेछ ।

## परिच्छेद-३
## समूह गठन, दर्ता र नविकरण सम्बन्धि ब्यवस्थाः

(७) **समूह गठनः** नगर क्षेत्रभित्र कृषि, पशुपन्छी पालन, माछा पालन, लघु उद्यम, जनचेतना तथा सिपमुलक कार्य गर्नका लागि कुनै निश्चित क्षेत्र भित्रका १० देखि २५ जना ब्यक्तिहरु, कृषकहरु मिलेर कृषि तथा पशुपन्छी पालन, माछा पालन, लघु उद्यम लगायतका समूह गठन गर्न सक्नेछन ।

**(१) समूह गठन प्रक्रिया**

(क) प्रारम्भिक भेला

- सामुहिक हितको साँझा कार्यहरु गर्न ईच्छुक ब्यक्तिहरुको, कृषकहरुको भेला तथा अभिमुखीकरण कार्यक्रम आयोजना गर्ने
- सरोकारवाला निकायहरुलाई आमन्त्रण गर्न सकिने
- भेलामा छलफलको एजेण्डा, मिति, समय तथा स्थान तय गर्ने
- भेला सञ्चालनका लागि भेलामा उपस्थितहरु मध्ये एक जनाले जिम्मेवारी लिई नेतृत्व गर्ने
- समूह गठनका लागि भेलाको उदेश्य र आवश्यक्ता बारे जानकारी दिने ।

(ख) छलफल सञ्चालन

- भेलाको उदेश्य र आवश्यकता विस्तृत रुपमा प्रस्ट पार्ने

- भेलाको एजेण्डाहरुमा (जस्तै समूह गठन गर्ने सम्बन्धमा, समूहको नामाकरण सम्बन्धमा, समूहका तदर्थ समितिका पदाधिकारी छनौट सम्बन्धमा, समूहको बिधान मस्यौदा समिति निर्माण सम्बन्धमा, समूह दर्ता गर्ने सम्बन्धमा) क्रमशः छलफल गर्दै निर्णय पुस्तिका तयार गर्ने ।
- समूहका सदस्य वन्न ईच्छुक व्यक्तिहरु छनौट गरी नामावली तयार गर्ने ।

(ग) तदर्थ समिति बैठक सञ्चालनः

- बैठकको विषयबस्तुहरु तय गरी तदर्थ समितिका सदस्यहरुलाई जानकारी दिने
- सम्बन्धित निकायलाई जानकारी दिनुका साथै आवश्यक कागजात तयार गर्ने
- समूहको विधान माथि छलफल गरी मस्यौदा तयार गर्ने
- समूहको हितकोष सम्बन्धि निर्णय गर्ने
- समूहको उदेश्य र कार्यक्रमहरु तर्जुमा गर्ने
- सम्बन्धित निकायमा समूह दर्ता तथा विधान स्वीकृत गराउन जिम्मेवारी दिने
- तदर्थ समिति गठन भएको ३० दिन भित्र प्रारम्भिक साधारण शभाको आयोजना गर्ने

(घ) प्रारम्भिक साधारण शभाको सञ्चालन तथा जिम्मेवारी

- समूह बनाउन ११ देखि १५ जनाको कार्यसमितिको गठन गर्ने
- समूहको बार्षिक कार्ययोजना तथा कार्यक्रम तयार गरी अनुमोदन गर्ने
- विधानमाथि छलफल गरी पारित गर्ने । पारित विधान प्रमाणित गरी स्वीकृतिका लागि दर्ता गर्ने अधिकारी समक्ष पेश गर्ने ।
- बैङ्क खाता सञ्चालन सम्बन्धी निर्णय गर्ने
- आवश्यकता अनुसार थप निर्णयहरु गर्ने

(ङ) कार्यसमिति तथा समूहको संरचनाः

- समूहको कार्य समितिमा तथा समूहमा रहने गरी समाबेशी सिद्धान्तको आधारमा अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, कोषाध्यक्ष १ र बाँकि सदस्यहरु रहनेछन
- समूहमा कम्तीमा ३५ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गराउनु पर्नेछ
- समूहमा बिभिन्न उप समिति गठन गरी परिचालन गर्न सकिनेछ
- समूह तथा समूहका पदाधिकारीको काम कर्तब्य र अधिकार समूहको विधानले तोके अनुसार हुनेछ

**(८) दर्ता नगरी समूह सञ्चालन गर्न नहुनेः**

कसैले पनि यस कार्यबिधि बमोजिम समूह दर्ता नगरी सञ्चालन गर्न हुदैन ।

**(९) दर्ताको लागि दरखास्त दिनु पर्नेः**

(१)यस नगरपालिकाको क्षेत्र भित्र गठन गरिएका समूहले दर्ताका लागि अनुसूची १ बमोजिमको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दर्ताका लागि दरखास्त दिँदा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ ।

- समूह गठनको भेलाको निर्णयको प्रतिलिपि
- अनुसूचि १ बमोजिमको निबेदन
- समूहबाट पारित तथा प्रमणित भएको समूहको बिधान २ प्रति
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- समूहका सम्पुर्ण सदस्यहरुको नागरिक्ताको प्रतिलिपि

**(१०) दर्ता गर्नु पर्नेः**

१- दफा ९ (२) बमोजिम प्राप्त दरखास्त सहितका कागजातहरु छानविन गरी दरखास्त परेको मितिले १ हप्ता भित्र दर्ता गर्ने अधिकारीले समूह दर्ता गरी अनुसूची २ बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

२- अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यबिधि प्रारम्भ हुदाका बखत प्रचलित कानून बमोजिम दर्ता भई यस नगरपालिका भित्र सञ्चालनमा रहेका समूहहरु यसै कार्यबिधि बमोजिम दर्ता भएको मानिनेछ ।

**(११) नविकरण गर्नु पर्नेः**

(१) दफा १० बमोजिम दर्ता भएका समूहले प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ ।

(२) यस नगरपालिकाको क्षेत्र भित्र दर्ता भएका समूहले नविकरणका लागि अनुसूची ३ बमोजिमको ढाँचामा दर्ता गर्ने अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) अनुसूची ३ बमोजिम प्राप्त निबेदन अनुसार समूह नविकरण गर्न मनासिब भएमा दर्ता गर्ने अधिकारीले अनुसूची २ बमोजिमको प्रमाणपत्र नविकरण गरी दिनु पर्नेछ ।

(४) दर्ता समूहको उनुसूची ४ बमोजिमको अभिलेख राख्नु पर्नेछ ।

**(१२) समूह दर्ता तथा नविकरण निःशुल्क हुनेः**

(१) समूह दर्ता, नविकरण तथा बिभिन्न सिफारिस लगायतका कार्यहरु नगरपालिकाले निःशुल्क वा नियमानुसार गर्नेछ ।

**(१३) समूह संगठित सँस्था हुनेः-**

- समूह अबिछिन्न उत्तराधिकार वाला स्वशासित र संगठित सँस्था हुनेछ ।
- समूहको कामकार्वाहीका निमित्त आफ्नो छुट्टै छाप बैङ्क खाता हुनेछ ।
- समूहले नगरपालिकाको अनुमति लिएर चल अचल सम्पती प्राप्त गर्न, उपभोग गर्न वा बेचबिखन गर्न तथा अन्य ब्यवस्था गर्न सक्नेछ ।

## परिच्छेद-४
## समूहको विधान

**(१४) समूहको विधान बनाउनु पर्नेः**

(१)समूहले यस कार्यबिधिको अधिनमा रही आफ्नो कार्य सञ्चालनका लागि विधान बनाउनु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको विधान समूह दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

**(१५). विधान संसोधनः**

(१) समूहको साधारण सभाको कुल सदस्य संख्याको बहुमतबाट सो समूहको विधान संसोधन हुन सक्नेछ ।

(२) समूहको निर्णय अनुसार समूहको विधान पुरानो भएमा, झुत्रो, थोत्रो भएमा पुनर्लेखन गर्न सकिनेछ ।

(२) दफा १० उप दफा (१) र (२) बमोजिमको संसोधन तथा पुनर्लेखन भएको विधान समूह दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागु हुनेछ ।

## परिच्छेद-५
## सदस्यता

**(१६). सदस्यता प्राप्त गर्न निबेदन दिनु पर्नेः**

(१) समूहको सदस्य भई कृषि तथा पशुपन्छी पालन, माछा पालन, लघु उद्यम गरी सेवा प्राप्त गर्न चाहने व्यक्तिले समूहको सञ्चालक समिति समक्ष निबेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निबेदन परेको ३५ दिन भित्र सञ्चालक समितिले सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपदफा २ बमोजिम सञ्चालक समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा ७ दिन भित्र सोको कारण खोली निबेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपदफा ३ बमोजिम जानकारी पाएको मितिले तिस दिन भित्र सम्बन्धित व्यक्तिले समूह दर्ता गर्ने अधिकारी समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा ४ बमोजिम प्राप्त उजुरी छानविन गर्दा निबेदकलाई सदस्यता दिनु पर्ने देखिएमा समूह दर्ता गर्ने अधिकारीले त्यो निबेदकलाई सदस्यता प्रदान गर्नको लागी सम्बन्धित सँस्थालाई आदेश दिन सक्नेछ ।

(६) उपदफा ५ बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित समूहले निबेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी समूह दर्ता गर्ने अधिकारी समक्ष गराउनु पर्नेछ ।

**(१७). सदस्य हुन नपाउने**

(१) कुनै व्यक्ति एउटै उदेश्य भएका एक भन्दा बढी समूहमा सदस्य हुन पाउने छैन । तर यो कार्यबिधि प्रारम्भ हुनु अघि कुनै व्यक्ति एक भन्दा बढी समूहमा सदस्य रहेका भए यो कार्यबिधि प्रारम्भ भएको मितिले एक बर्ष भित्र कुनै एक समूहको मात्र सदस्यता राख्नु पर्नेछ ।

(२) गैह्र नेपाली नागरिक समूहमा सदस्य हुन पाउने छैन ।

(३) एउटै परिवारका एक भन्दा बढी व्यक्तिहरु समूहको सदस्य हुन पाउने छैनन् ।

(४) कुनै पनि कृषि पेशामा तथा समूहको उदेश्य सँग मिल्ने कार्यमा संलग्न नभएको व्यक्तिहरु समूहको सदस्य हुन पाउने छैनन् ।

**(१८) सदस्यताको समाप्ती**

(१) समूहको कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछ ।

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा ।

(ख) समूहको बैठकमा लगातार विना सूचना तीन पटक सम्म अनुपस्थित भएमा ।

(ग) दफा १२ बमोजिम सदस्यता देखिएमा ।

(घ) समूहको कार्यक्षेत्र भन्दा बाहिर बसाईसरी गएमा ।

(ङ) सदस्यको आचरण ठिक नभएमा, अनैतिक गतिबिधि गरेमा, मगज बिग्रेमा, समूहलाई हानी नोक्सानी पुगाउने जुनसुकै काम गरेमा ।

(च) सदस्यको मृत्यु भएमा ।

## परिच्छेद ६
## मूहको नियमन र पारदर्शिता

(१९) **बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई :** समूहले बार्षिक रुपमा साधारण शभाबाट लेखा परिक्षक तोकी नियमानुसार लेखा परीक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिबेदनको एक प्रति पशु सेवा शाखामा समेत उपलब्ध गराउनु पर्नेछ । त्यस्तै बर्षको एक पटक साबर्जनिक सुनुवाई पनि सञ्चालन गर्नुपर्नेछ ।

(२०) **वार्षिक साधारण सभा :** समूहको सर्बोच्च अङ्गको रुपमा साधारणसभा हुनेछ । समूहका सम्पुर्ण सदस्यहरु साधारण सभाका सदस्य हुनेछन  समूहको समूह गठन भई दर्ता भएको एक बर्ष भित्र र प्रत्येक बर्ष बर्षमा समूहले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण सभामा पदाधिकारी हेरफेर तथा समूह पुनर्गठन, बार्षिक कार्यक्रमहरुको प्रगति समीक्षा, बार्षिक आयब्ययको विवरण, आउदो बर्षको कार्यक्रमहरुको तर्जुमा, समूहको पदाधिकारी हेरफेर, विधान संसोधन लगायत नियमानुसार सम्पादन गर्नु पर्ने कार्यहरु समेत पारित गर्नु पर्ने छ । यसको एक प्रति प्रतिबेदन कार्यालयमा उपलब्ध गराउनु पर्नेछ ।

(२१) **अधिवेशन र विशेष अधिवेशन** : समूहको सर्वोच्च अङ्ग समूहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधि समूहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समूहले विशेष अधिवेशनको ब्यवस्था समेत गर्न सक्नेछ । यस अबिधेसनबाट समूहको पदाधिकारी हेरफेर लगायत बार्षिक साधारण सभाले गर्ने सबै कार्यहरु गर्नेछ ।

(२२) **अन्य संघ संस्थाहरुसँगको समन्वय :** समूहले अनुमति लिई कुनै अन्य संघ संस्थासँगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन ।

(२३) **समूहको अनुगमन र छानविन गर्न सक्ने** : यस नगरपालिकाको अनुगमन ब्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिकासँगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले समूहका कृयाकलाप एवं समूहका कागजातहरुको अध्ययन, अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन । प्राप्त पृष्ठपोषणहरु उपर समूह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ । त्यस्तै समूहमाथि उजुरी परेमा तथा समूहका २० प्रतिशत सदस्यले छानविनका लागि दर्ता गर्ने अधिकारी समक्ष अनुरोध गरेमा नगरपालिकाले जुनसुकै बेला छानविन गर्न सक्नेछ । छानविनमा सहयोग गर्नु समूहका पदाधिकारीहरुको कर्तब्य हुनेछ ।

## परिच्छेद ७
## समूह परिचालन

(२४) **मासिक बैठक बस्नु पर्ने**: समूह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा वा अन्य साँझा कार्यहरुको बारेमा छलफल गर्न नियमित रुपमा महिनामा एक पटक समूह बैठक

अनिवार्य रुपमा बस्नु पर्नेछ । समूहको आवश्यकता अनुसार जुनसुकै बेला पनि समुहको बैठक बस्न सक्नेछ ।

(२५) **समूह बचत तथा हितकोष र परिचालन :** बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत हितकोष समेत जम्मा गर्ने छन । समूह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको ब्याजदरमा सदस्यहरुले ऋण लिन पाउने छन । कृषि कर्म गर्ने उदेश्यका लागि ऋण परिचालन गर्दा सस्तो प्रतिशत ब्याजदरमा ऋण परिचालन गर्नु पर्नेछ ।

(२६) **समूहको बैक खाता सञ्चालन :** नजिकको बैकमा समूहको खाता खोलिने छ. जसमा कोषाध्यक्षको अनिवार्य सहित समूहको निर्णय अनुसार कम्तीमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता सञ्चालन हुनेछ ।

(२७) **बाली पात्रो/कार्ययोजना तयार गर्ने :** समूहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक (मासिक/चौमासिक/बार्षिक) कार्ययोजना तयार गर्ने छन । तयार भएको कार्य योजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपन्छी उत्पादन र बजारीकरणका कार्य योजनाहरु अवलम्बन गर्ने छन ।

(२८) **समूहको निर्णय समूह पद्धतिमा गरिनु पर्ने :** समुहमा आइपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्ने छन । समूहमा आइपर्ने अन्य समस्याहरु समूहको निर्णय अनुसार समाधान गरिनु पर्ने छ । सो हुन नसकेमा प्रचलित ब्यवस्था अनुसार हुनेछ । समूहको अनुरोधमा कार्यालयबाट सो को सहजिकरण गर्न सकिनेछ ।

(२९) **समूहको रेकर्ड :** समूहको एक फायल पशु सेवा केन्द्र/ कृषि सेवा केन्द्र तथा सम्बन्धित शाखा उपशाखामा रहने छ जसमा समूहको निर्णय, विभिन्न कार्यक्रमहरुमा सहभागी भएको रेकर्ड हरु, समूहको बंकै खाताको स्टेटमेण्ट आदि रहने छन । समूहले पनि आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३०) **खेती खर्चको विवरण राख्नु पर्ने** : समूहका प्रत्येक सदस्यहरुले आफूले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन, भन्डारण, ढुवानी, बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र विक्रीबाट भएको आम्दानीको अभिलेख राख्नु पर्नेछ र अध्ययन लगायतका प्रयोजनका लागि नगरपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

(३१) **प्रगति प्रतिबेदन र समीक्षा :** समूहले प्रत्येक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यान्वयन अवस्था, प्राप्त भएको उपलब्धि र प्रगतिहरु, परिआएका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतिफल, बालीनालीको अवस्था, बालीनालीहरु लगाउदा भएको खर्च र बाली कटानी उपरान्त बिक्री गरी भएको आम्दानी आदि कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्ने छ ।

(३२) **समूहमा मेलमिलाप हुनु पर्ने :** समूहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्ने छ । यस समूहका बैठकहरुमा समूहका सदस्यहरुको निजी बैयक्तिक विषयहरु उपर छलफल गर्दा उपयूक्त हुन्छ भन्ने समूहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सदभाव, सहकार्य, साझेदारिता बृद्धिमा योगदान गर्न सक्ने छन ।

(३३) **व्यवसाय दर्ता गर्नु पर्ने :** कृषि कार्यलाई व्यवसायमूलक रुपान्तरणका लागि समूह गठन गरिने भएकोले समूहका सदस्यहरु मिलेर समूहगत रुपमा सञ्चालन गर्ने कृषि ब्यवसाय तथा अन्य उद्यम नगरपालिकामा दर्ता गर्नु पर्नेछ । कृषि ब्यवसायको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३४) **कृषि उत्पादन सामग्री तथा कृषि उपज सामग्रीहरुको बजार ब्यवस्थापन :** समूहले कृषि उत्पादन सामग्रीहरुको ब्यवस्थापनको लागि प्रचलित कानून बमोजिम अनुमति लिई विउ विजन, रासायनिक तथा प्राङ्गरिक मल, सिँचाइका सामग्रीहरु, कृषि मेसीनरी लगायत कृषि उपज सामग्रीहरुको ब्यवस्थापन र ब्यापारिक कारोबार गर्न सक्ने छन।त्यसैगरी आफ्नो समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्ने छन ।

**(३५) नगरपालिकाको कार्यक्रममा सरीक हुनु पर्ने :**समूहले नगरपालिकाबाट सञ्चालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ ।

(३६). **अन्तर समूह समन्वय समिति** : विभिन्न समूहबाट प्रतिनिधित्व गरी अन्तर समूह समन्वय समितिको गठन गर्न सकिनेछ । समूह पद्धतिलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समूहहरुबाट १/१ प्रतिनिधिहरु रहने गरी वडागत रुपमा अन्तर समूह समन्वय समितिको गठन हुनेछ । यसको कार्यविधि तोके बमोजिम हुनेछ ।

**(३७) नगरस्तरीय कृषक मूल समिति :** नगरमा रहेका सबै कृषकहरुको संजालका रुपमा नगर भित्रका सबै कृषक समूहहरुका प्रतिनिधिमूलक संस्थाका रुपमा एक नगरस्तरीय कृषक मूल समितिको गठन गर्न सकिनेछ । यसको सञ्चालन कार्यविधि तोके बमोजिम हुनेछ ।

**(३८) कृषि सहकारीमा परिणत हुने :** कृषक समूह गठन पश्चात समूहगत अभ्यासहरुको अनुभवको आधारमा सहकारीतामा परिणत हुन चाहेमा प्रचलित कानून अनुसार कृषि सहकारीमा परिणत हुन सक्नेछ । यस्तो अवस्थामा साविक कृषक समूहले गरेको सबै कार्यहरु सोही सहकारी संस्थाबाट गरे सरह मान्य हुनेछ ।

**(३९) अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने :** समूह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफूमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्ने छ । समूहले कृषि प्राविधिक र अन्य कृषकहरुको वीचमा सहजिकरणको कार्य पनि गर्न सक्ने छन ।

(४०) **समूहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ :** सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समूह सदस्यहरु नेतृत्व विकास, उन्नत खेती प्रणालीको अवलम्बन, सामुदायिक स्वास्थ्य, शिक्षा, पर्यटन तथा रोजगारी प्रवर्द्धनका अन्य कार्यहरुमा पनि अभिरुची लिनेछन र समूह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन ।

(४१) **टोल विकास संस्थाले कृषक समूह परिचालन गर्न सक्ने :** नगरपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु नगरपालिकाबाट तोकिए बमोजिम समूह दर्ता गरी कृषक समूहका रुपमा पनि कार्य गर्न सक्नेछन । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजिकरणमा रहने गरी २५/२५ जवानको समूह गठन हुन सक्नेछ ।

(४२) **समूह बाहेक पनि कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने :** नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समूह, कृषि सहकारी संस्थाहरु, कृषिमा आधारित गैरसहकारी संस्थाहरु, गाउ तथा टोल समितिहरु, निजी ब्यवसायीहरु, कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसँग सहकार्यमा सञ्चालन गर्न सकिने छ ।

(४३) **समूह परचिालकको ब्यवस्थाः** कृषक समूहहरुलाई चलायमान बनाई राख्न तथा कृषि प्रबिधि हस्तान्तरण, कृषि प्रसारमा सहयोग पुगाउन कृषि तथा भेटेरिनरी सम्बन्धि ज्ञान भएका ब्यक्ति समूह परिचालकको रुपमा करार नियुक्त गरी परिचालन गर्न सकिनेछ ।

## परिच्छेद ८
## एकिकरण, बिघटन तथा दर्ता खारेज

**(४४) एकिकरण तथा विभाजन सम्बन्धी व्यवस्थाः**

(१) यस कार्यबिधिको अधिनमा रही दुई वा दूई भन्दा बढी उदेश्य मिल्ने समूहहरु एक आपसमा गाभी एकिकरण गर्न वा एक समूहलाई तोकिएको सदस्य संख्या पुग्ने भएमा दुई वा दुई भन्दा बढी समूहमा विभाजन गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम एकिकरण वा विभाजन गर्दा सम्बन्धित समूहको कुल कायम रहेको सदस्य संख्याको दुई तिहाई बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपदफा १ बमोजिम एकिकरण वा विभाजन भएको समूह दर्ता गर्दा नयाँ दर्ता प्रक्रिया अनुसार हुनेछ ।

(४) एकिकरण वा विभाजन हुदा समूहमा रहेको बचत, जिन्सी तथा अन्य सम्पती लगानी अनुसार बराबर हुनेछ ।

**(४५) विघटन र दर्ता खारेजः**

(१) कुनै समूहले उदेश्य अनुरुपको कार्यहरु गर्न असमर्थ भएमा, समूहका सदस्यहरुको हित गर्न नसक्ने भएमा, प्रचलित कानूनले तोकिएका भन्दा बाहिरका कार्य गरेमा दर्ता गर्ने निकायले समूहको विघटन तथा दर्ता खारेज गर्न सक्नेछ ।

(२) समूहका दुई तिहाई सदस्यहरुको निर्णय गरी विघटनका लागि निबेदन दिएमा ।

(३) लगातार दुई बर्ष सम्म कुनै पनि कारोबार तथा कार्य नगरी बसेमा ।

(४) समूहले कार्यबिधि विपरितको कार्य गरेमा ।

(५) उप दफा १ देखि ४ सम्म बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो समूहलाई सुनुवाईका लागि १५ दिनको समय दिनु पर्नेछ ।

(६) उपदफा १,२,३,४ बमोजिम समूह दर्ता खारेज भएमा त्यस्तो समूह विघटन भएको मानिनेछ ।

(७) उपदफा १,२,३,४ बमोजिम समूह दर्ता खारेज भएमा त्यस्तो समूहको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

## परिच्छेद ९
## दर्ता गर्ने अधिकारी

**(४६) दर्ता गर्ने अधिकारी**

(१) यस कार्यबिधि अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नु पर्ने कार्यहरु नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस कार्यबिधि बमोजिम कार्य गर्न नसकिने अवस्था आएमा पशु सेवा सँग सम्बन्धितको हकमा पशु सेवा शाखा प्रमुख र कृषि सँग सम्बन्धितको हकमा कृषि विकास शाखा प्रमुखले गर्नेछ ।

## परिच्छेद १०
## विविध

**(४७) निर्देशन दिनेः**

(१) नगरपालिका, नगर कार्यपालिका, पशु सेवा शाखा, कृषि विकास शाखा, कृषि र पशु सेवा केन्द्रले नगरपालिकामा रहेका समूहलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समूहको जिम्मेवारी हुनेछ ।

**(४८) मापदण्ड बनाउने अधिकारः**

(१) यस कार्यबिधिको उदेश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**(४९) खारेजी र बचाउः**

(१) यस कार्यबिधिमा उल्लेख गरिएका व्यवस्थाहरु संघिय तथा प्रदेश कानून सँग बाझिन गएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछन ।

अनुसूची १

दफा ९ उपदफा (१) सँग सम्बन्धित ।

(समूह दर्ताका लागि निबेदन पत्रको ढाँचा)

मितिः..

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयःसमूह दर्ता गरी पाँउ ।

श्री ............को सहयोगमा/ हामि आफै संगठित भई ....................नगरपालिका वडा न. ........मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरण हरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निबेदन पेश गरेका छौ ।

संलग्न कागजातहरुः

- समूह गठनको भेलाको निर्णयको प्रतिलिपि
- अनुसूचि १ बमोजिमको निबेदन
- समूहबाट पारित तथा प्रमणित भएको समूहको बिधान २ प्रति
- सम्बन्धित वडा कार्यालयको सिफारिस
- समूहका सम्पुर्ण सदस्यहरुको नागरिक्ताको प्रतिलिपि

..............................

समूहको अध्यक्षको दस्तखत

समूहको विवरण

समूहको नामः ठेगानाः

स्थापना बर्षः समूहको उदेश्यः

सदस्य संख्याः .. .. .. पुरुषः.. .. .. महिला... . . . .

पदाधिकारीहरुको नामः

| क्र.स. | नाम | पद | उमेर | कृषि पेशा | संख्या/क्षे.फ. | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | ३० | भैसी | १० | | |
| | | उपाध्यक्ष | ३५ | तरकारी | १० कट्ठा | | |
| | | सचिव | | | | | |
| | | कोषाध्यक्ष | | | | | |
| | | सदस्य | | | | | |
| | | सदस्य | | | | | |

अनुसूची २

दफा १० उपदफा (१) सँग सम्बन्धित ।

(समूह दर्ता प्रमाण पत्रको ढाँचा)

मधुवन नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

लुम्बिनी प्रदेश बर्दिया ।

# समूह दर्ता प्रमाण-पत्र

दर्ता न. मितिः

मधुवन नगरपालिकाको समूह गठन तथा परिचालन कार्यबिधि २०८० को दफा (१०) उपदफा (१) बमोजिम मधुवन नगरपालिका वडा नं. . . मा रहेको श्री .. .. .. .. .. .. .. .. समूहलाई यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाण-पत्र प्रदान गरिएको छ ।

प्रमाणपत्र दिनेको

दस्तखतः.. .. .. .. .. .

नामः.. .. .. .. .. .. ..

पदः. .. .. .. .. .. .. .

मितिः२०  /००/००

(समूह दर्ता प्रमाणपत्रको पछाडीको पाना राख्ने)

| क्र.स. | नविकरण मिति | | नविकरण गर्ने अधिकारी | कैफीयत |
|---|---|---|---|---|
| १ | देखि | सम्म | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची ३

दफा ११ उपदफा (२) सँग सम्बन्धित ।

(समूह नविकरणकालागि निबेदन पत्रको ढाँचा)

मितिः..

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
मधुवन नगरपालिका बर्दिया ।

बिषयः समूह नविकरण गरी पाँउ ।

श्री .............को सहयोगमा/ हामि आफै संगठित भई .....................नगरपालिका वडा न. ........मा गठन भएको हाम्रो समूह दर्ता गरी पाउन निम्न विवरण हरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निबेदन पेश गरेका छौ ।

संलग्न कागजातहरुः

- समूहको नविकरण गर्न निर्णयको प्रतिलिपि
- अनुसूचि ३ बमोजिमको निबेदन
- समूहको बिगतमा गरेका लेखा परिक्षण प्रतिबेदन (पुरानोको हकमा)
- सम्बन्धित वडा र कृषि तथा पशु सेवा केन्द्रको सिफारिस

...............................

समूहको अध्यक्षको दस्तखत

समूहको विवरण

समूहको नामः ठेगानाः

स्थापना बर्षः समूहको उदेश्यः

सदस्य संख्याः .. .. .. पुरुषः.. .. .. महिला... . . . .

समूहको हाल सम्मको जम्मा हितकोष रकम रुः- ... .. .. .ऋण लगानीमा रहेको रकम रु.. ..

..समूहको खातामा जगेडा रहेको रकम रु

पदाधिकारीहरुको नामः

| क्र.स. | नाम | पद | उमेर | कृषि पेशा | संख्या/क्षे.फ. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | अध्यक्ष | ३० | | | | |
| | | उपाध्यक्ष | ३५ | | | | |
| | | सचिव | | | | | |
| | | कोषाध्यक्ष | | | | | |
| | | सदस्य | | | | | |
| | | सदस्य | | | | | |

अनुसूची ४

दफा ११ उपदफा (४) सँग सम्बन्धित ।

(समूह अभिलेख रजिस्टरको ढाँचा)

| दर्ता न. | दर्ता मिति | समूहको नाम | ठेगाना | उदेश्य | जम्मा सदस्य संख्या | अध्यक्षको नाम | सम्पर्क न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |